# स्थानीय राजपत्र

लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

खण्डः३) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, असार २४ गते, २०७६ साल संख्याः ५

## भाग–१

लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश नेपाल

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको पाँचौ नगर सभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## लेकवेशी नगरपालिकाको विनियोजन ऐन, २०७६

स्वीकृत मितिः- २०७६।०३।२०
प्रमाणीकरण भएको मिति - २०७६।०३।२४
स्थानीय राजपत्रमा प्रकाशित मिति-२०७६।०३।२९

## लेकवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सुर्खेत

लेकवेशी नगरपालिका, सुर्खेत को आर्थिक बर्ष २०७६।७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

### प्रस्तावनाः

लेकवेशी नगरपालिका, सुर्खेतको आर्थिक बर्ष २०७६।७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम लेकवेशी नगरपालिका, सुर्खेतको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "लेकवेशी नगरपालिका, सुर्खेतको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६।७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४२,७४,७७,०३७.७३ (अक्षेरुपी रुपैयाँ बयालिस करोड चौरहत्तर लाख सतहत्तर हजार सैतिस पैसा त्रिहत्तर मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।७७ को निमित्त लेकवेशी नगरपालिका,





सुर्खेतको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

**संचित कोषवाट व्यभार हुने वजेट**

## आय र व्ययको संक्षिप्त अनुमानको विवरण

आ.व. : २०७६/७७ रु. हजारमा

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान |
|---|---|
| **राजस्व** | **४१,४०,८८** |
| आन्तरिक श्रोत | ३,१८,८९ |
| ११३१४ भुमिकर/मालपोत | २६,०० |
| ११३२१ घरवहाल कर | १५,०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २,०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ३० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | १० |
| ११६९१ अन्य कर | ५,०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ९९,०५ |
| १४२२१ न्यायिक दस्तूर | २० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ३,०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,०० |
| १४२४२ नक्सापास दस्तुर | २०,०० |
| १४२४३ सिफारिश दस्तुर | ११,५० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | १५ |
| १४२४९ अन्य दस्तुर | १५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **९,२१,३८** |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर[राजस्व बाँडफाँड-संघीय सरकार] | ४,५६,५० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ४,५६,५० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार] | ८,३८ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **३०,२९,५०** |
| संघीय सरकार | २९,२७,०० |
| १३३११ समानिकरण अनुदान | ११,३७,०० |
| १३३१२ शसर्त अनुदान चालु | १७,९०,०० |
| प्रदेश सरकार | १,०२,५० |
| १३३११ समानिकरण अनुदान | १,०२,५० |
| **वित्तीय व्यवस्था (प्राप्ति)** | **०** |
| **अन्य आय** | **५,००** |
| १५१११ बेरूजू | ५,०० |
| **जनसहभागिता** | |





आ.व. : २०७६/७७ रु. हजारमा

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान |
|---|---|
| **व्यय** | **४२,७४,७७** |
| चालु खर्च | २७,७९,१३ |
| २११११ पारिश्रमिक कर्मचारी | १५,३४,३३ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,६२,९५ |
| २११२१ पोशाक | ५,५० |
| २११२३ औषधीउपचार खर्च | १,५० |
| २११३२ महंगी भत्ता | १२,९६ |
| २११३३ फिल्ड भत्ता | १२,९९ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५,६० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०,५९ |
| २११३९ अन्य भत्ता | १,०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३८,४९ |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २,१६ |
| २१२१४ कर्मचारी कल्याण कोष | ५,०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १ |
| २२१११ पानी तथा बिजुली | ७,२० |
| २२११२ संचार महसुल | ९,१७ |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ९९ |
| २२२११ इन्धन (पदाधिकारी) | ६,०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १५,०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १४,९९ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३,०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९,९९ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १८,९२ |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २,०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३,०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३४,७२ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,५० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | २,०० |

आ.व. : २०७६/७७ रु. हजारमा

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान |
|---|---|
| २२४११ सेवा र परामर्श खर्च | २५,०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७,९३ |
| २२४१३ करार सेवा शुल्क | २,३५,७८ |
| २२४१९ अन्य सेवा शुल्क | १,०० |
| २२५११ कर्मचारी तालिम खर्च | ७,०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १२,३० |
| २२५२२ कार्यक्रम खर्च | ६१,४१ |
| २२५२९ विविध कार्यक्रम खर्च | २०,७७ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४०,८५ |
| २२६१२ भ्रमण खर्च | २,०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २,०० |
| २२६१९ अन्य भ्रमण खर्च | ९,५० |
| २२७११ विविध खर्च | २७,९९ |
| २२७२१ सभा सञ्चालन खर्च | ७,०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १,२८,१६ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ६८,३५ |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ५,०० |
| २७२११ छात्रवृत्ति | २,५० |
| २७२१३ औषधीखरिद खर्च | ३३,०० |
| २७२१९ अन्य सामाजिक सहायता | १०,५९ |
| २८१४२ घरभाडा | ११,७९ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ७,०६ |
| २८१४९ अन्य भाडा | २,१५ |
| २८२११ राजस्व फिर्ता | ३४,४७ |
| २८२१९ अन्य फिर्ता | ३६,०८ |
| २८९११ भैपरी आउने चालु खर्च | ७,७६ |
| **पूंजीगत खर्च** | **१४,९५,१३** |
| ३१११२ आवासीय भवन निर्माण/खरिद | ३६,५० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,८१,४६ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २५,४४ |





आ.व. : २०७६/७७ रु. हजारमा

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान |
|---|---|
| ३११२१ सवारी साधन | ८०,०० |
| ३११२२ मेशिनरी तथा औजार | १५,६५ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २०,२५ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १,८१,६८ |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ६६,११ |
| ३११५१ सडक तथा पूल निर्माण | ४,४४,८८ |
| ३११५३ विद्युत संरचना निर्माण | १४,४० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ५० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०२,९० |
| ३११५६ खानेपानी संरचना निर्माण | ३७,०५ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ५० |
| ३११५८ सरसफाई संरचना निर्माण | ७,५० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १,३९,२० |
| ३१५११ भैपरी आउने पूँजीगत | ४१,०८ |
| Financial expenditure (payment) | ५० |
| ३२१५९ अन्य संस्थामा शेयर लगानी बिक्री | ५० |
| **बजेट बचत (+)/न्यून (-)** | **१,३३,८९** |
| **गत वर्षको नगद मौज्दात** | **१,३३,८९** |

आज्ञाले,

प्रमाणीकरण मिति - २०७६/०३/२४

**कृष्णप्रसाद खरेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**लेकवेशी नगरपालिका, सुर्खेत**